# माप्य दुधकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खास्ताप, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

प.सं. : २०८१/८२
च.नं. :

मिति : २०८२/०३/३२

## सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी सूचना ।

उपरोक्त सम्बन्धमा यस माप्य दुधकोशी गाउँपालिका, सोलुखुम्बु अन्तर्गत नियमित रुपमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आ. व. २०८२/०८३ को लागि सामाजिक सुरक्षा भत्ता २०८२ श्रावण १ गते देखि भाद्र मसान्त भित्र आवश्यक कागजात संकलन गरि आ- आफ्नो सम्बन्धित वडा कार्यलयमा गई सामाजिक सुरक्षा भत्ता नविकरण गराउन हुन जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।
नब्बे वर्ष उमेर भन्दा माथिको जेष्ठ नागरिक, पूर्ण अशक्त अपाङ्गता र बालबालिकाको हकमा निजको संरक्षक, बुबाआमा उपस्थित भई र अन्य लाभग्राहीको हकमा तपशिल बमोजिमका आवश्यक कागजात सहित नविकरण गर्नु गराउन हुन सबैमा अनुरोधका साथ जानकारी गराइन्छ। साथै २०८२ साल श्रावण १ गते बाट Biometric Verification अनिवार्य रुपमा लागु हुने भएकाले तपसिलका आवश्यक कागजात सहित स्वंयम व्यक्ती आफ्नो वडा कार्यलयमा उपस्थित भई नविकरण गर्नु/ गराउनु हुन अनुरोध छ।

**सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि आवश्यक कागजातहरु :-**

- नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ प्रति
- सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि २ प्रति
- राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य (९० वर्ष भन्दा माथि, पूर्ण अपाङ्ग र बालबालिका बाहेक)
- लाभग्राहिको तिन पुस्ते विवरण
- पासपोर्ट साइजको फोटो २ प्रति
- विधवाको हकमा पतिको मृत्यु प्रमाणपत्र र अर्को विवाह नगरेको सम्बन्धित वडाको सिफारिस
- ६० बर्ष उमेर पुगेर विवाह नगरेको महिलाको हकमा अविवाहित रहेको सम्बन्धित वडाको सिफारिस
- अपाङ्गताको हकमा गाउँपालिका बाट जारी भएको अपाङ्ग परिचयपत्र प्रतिलिपि १ प्रति
- बाल पोषणको हकमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि
- बैंक खाता नम्बर चेकको फोटोकपी र सम्बन्धित व्यत्तीको फोन नम्बर

**पुनश्च:** समयावधि भित्र नविकरण नगरेमा स्वत लागतकट्टा भई सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने र यसको जिम्मेवारी स्वयं लाभग्राही हुने व्यहोरा समेत जानकारी गराईन्छ।

**थप जानकारीका लागि नन्द राज राई ९८४२८९८३७९**

गजेन्द्र भट्टराई
नि.प्रमुख प्रशासकीय अधिकृत